म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५१ शनिबार, २७ पुस २०८१ ने. सं. ११४५ पोहेलाथ्व 11 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन,
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ,
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं.
- धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुर्‍याउँछ ।

त्यसैले.
धूम्रपान र मद्यपान नगरौ, स्वस्थ जीवन बाँचौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मउवा संघको २१ पदमा निर्वाचन, आजै मतगणना गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ उद्योगी, व्यवसायीको छाता संगठन मकवानपुर उद्योग वाणिज्य (मउवा) संघको २१ पदमा पदाधिकारी तथा सदस्य चयन गर्न आज शनिवार निर्वाचन हुँदैछ ।

संघको कुल २८ पदका लागि बिहीवार साढे १० बजेदेखि १२ बजेभित्रमा ४९ जनाले उम्मेदवारी दर्ता गराएकोमा ७ जना निर्विरोध भएका थिए । बाँकी २१ पदमा ४२ जना उम्मेदवारबीच चुनावी प्रतिस्पर्धा हुने भएको हो । बिहान ८ बजेदेखि अपरान्ह ४ बजेसम्म मतदान चल्नेछ । मतदानकार्य पल्पसा सभाहल भित्र हुने र मतदान सकिएलगत्तै पल्पसामा नै मतगणना हुने संघका कार्यकारी सचिव पवन कार्कीले जानकारी दिए । यसवर्षको निर्वाचनमा २ हजार ४६ जना सदस्यले मतदान गर्न पाउनेछन् ।

संघमा अध्यक्ष, ४ उपाध्यक्ष (एसोसिएसट, वाणिज्य, उद्योग र वस्तुगततर्फ), १ महासचिव, १ कोषाध्यक्ष, ४ सचिव र १ सह-कोषाध्यक्ष, एसोसिएटतर्फ ४ सदस्य, वाणिज्यतर्फ ७ सदस्य, उद्योगतर्फ ४ सदस्य र वस्तुगततर्फ १ सदस्य पद रहेको छ । संघको यसपालीको निर्वाचनका लागि ५७ औं साधारणसभाबाट विधान संशोधन गरेर प्रत्येक पदमा प्रत्यक्ष निर्वाचन हुने व्यवस्था कायम गरिएको छ । विगतमा अध्यक्षले निर्वाचित सदस्य मध्येबाट महासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष मनोनित गर्ने व्यवस्था थियो ।




संघको ३ वर्षे कार्यकालको नेतृत्वका लागि वर्तमान वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल र वर्तमान उपाध्यक्ष प्रमोदसिंह रानाभाट प्यानल बनाएर चुनावीमैदानमा उत्रिएका छन् । महासचिवमा प्रतिमा श्रेष्ठ र विकेशलाल श्रेष्ठ, कोषाध्यक्षमा तेजराज अधिकारी र कृष्ण कर्माचार्य तथा सहकोषाध्यक्षमा निलम वैद्य र राधिका सामरी पाण्डेले उम्मेदवारी दिएको निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता ईश्वरराज ढकालले जानकारी दिए ।

उद्योगतर्फ उपाध्यक्षमा दीपक उप्रेती र रविन्द्र घिमिरे, सदस्यमा कृष्णगोपाल महर्जन, कृष्णराज कोइराला (कृष), जगदीश दाहाल, दीपक शिवाकोटी र भुपेन्द्रप्रसाद अधिकारी र उद्योगतर्फकै महिला आरक्षण सदस्यमा मेनका श्रेष्ठ र सीतादेवी भेटवालले मनोनयन दर्ता गराएका छन् । एसोसिएसटतर्फ उपाध्यक्षमा उज्ज्वल चौलागाईं र विष्णु खनाल, एसोसिएट सदस्यमा अंकिता सुमार्गी, नवराज खतिवडा र पुजन विडारीको उम्मेदवारी दर्ता भएको छ ।

वाणिज्यतर्फ उपाध्यक्षमा राजु अधिकारी र रामप्रसाद न्यौपाने, वाणिज्यको सचिवमा दिवस पराजुली र कुलप्रसाद चौलागाईं, सदस्यमा बालकृष्ण बजगाई, विष्णुप्रसाद दाहाल, यज्ञबहादुर राय (विनोद), राजेन्द्र लामिछाने, राजदेव बनियाँ, रविन ढकाल, सन्तोष घिमिरे, होमनाथ खनालको उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृत अधिवक्ता ढकालले जनाए । वस्तुगतर्फ उपाध्यक्षमा खाद्यान्न व्यवसायी संघका काव्यमणि अधिकारी र ढुवानी एसोसिएसनका प्रदीप अर्याल चुनावी प्रतिस्पर्धामा छन् ।

वस्तुगतकै सचिवमा कपडा तथा तयारी पोशाक संघका नेत्रप्रसाद खतिवडा र क्रसर उद्योग व्यवसायी संघका राजाराम कार्की, सदस्यहरुमा फर्निचर व्यवसायी संघका कृष्णप्रसाद अर्याल, क्यान महासंघका गोविन्द चौलागाईं, मुद्रण उद्योग संघका राजु नेपाल र घर जग्गा व्यवसायी संघका शम्भु पुडासैनीको उम्मेदवारी रहेको छ । वस्तुगतमा व्यवसायीको पेशागत संस्थाको आबद्धता रहेको हुन्छ ।

# बकैया कपमा जुनियरतर्फ ११ नम्बर वडा फाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/छैठौं संस्करणको बकैया कप फुटबल प्रतियोगिताअन्तर्गत जुनियरतर्फ वडा नम्बर ११ फाइनलमा प्रवेश गरेको छ । शुक्रबार बकैया-३ हात्तीसुँडेस्थित बकैया रंगशालामा भएको खेलमा वडा नम्बर १२ लाई २-० गोलले हराउँदै ११ ले विजयी सुरुवात गरेको हो ।

बकैया-११ का लागि निखिल घलानले २ गोल गरे । जितसँगै ११ नम्बर जुनियरतर्फको फाइनलमा प्रवेश गरेको छ । अब ११ नम्बरले उपाधिका लागि वडा नम्बर १ र २ बीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ ।



जुनियरतर्फको दोस्रो सेमिफाइनल खेल शनिबार हुनेछ । प्रतियोगिता जुनियरतर्फ ४ टिम रहेको थियो । यस्तै शुक्रबार सिनियर तर्फ वडा नम्बर ५ र ९ बीच प्रतिस्पर्धा भएकोमा समय अभावका कारण शनिबार बिहान ९ बजेसम्मका लागि खेल स्थगित भएको छ । दुवै टिमले १-१ गोलको बराबरी खेलेको छ ।

प्रतियोगिताअन्तर्गत शनिबार सिनियरतर्फ वडा नम्बर ३ र ४ बीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो २ बजे सुरु हुनेछ । प्रतियोगिताको फाइनल खेल माघ १ गते हुनेछ । प्रतियोगितामा सिनियरतर्फको विजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै यस्तै जुनियर तर्फको विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# सिप्रदीको बिएसफोर तालिममा ४५ जना मेकानिक लाभान्वित



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/ नेपालका लागि टाटा मोटर्सको एकमात्र आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङ प्रालिको चितवन शाखाले मेकानिकलाई बिएसफोरसम्बन्धी तालिम दिएको छ ।

चितवन शाखाले स्थानीय ४५ जनाभन्दा बढी आफ्ना मेकानिकको क्षमता अभिवृद्धिका निम्ति तालिम दिएको हो । सिप्रदी चितवन शाखाको पहिलो तालिम पर्सा खैरहनीमा बिहान ८ बजेदेखि १२ बजेसम्म भएको थियो । पहिलो तालिममा २५ जना स्थानीय मेकानिकले भाग लिएका थिए । दोस्रो तालिम भरतपुर न्युरोडमा १ बजेदेखि ४ बजेसम्म सञ्चालन भएको थियो ।

जसमा २३ जना स्थानीय मेकानिक सहभागी रहेको सिप्रदी ट्रेडिङ, चितवन शाखाका बिक्रीप्रबन्धक सुवास रायमाझीले बताए । उनले कार्यक्रममा बिएसफोर तालिमले स्थानीय मेकानिकलाई नयाँ प्रविधिसँग परिचित गराउने र सवारीसाधनको मर्मतमा दक्षताबृद्धिका लागि मद्दत पुर्‍याउने अपेक्षा लिएको बताए । तालिममा सहभागिता जनाएका मेकानिकलाई सिप्रदी ट्रेडिङ प्रालि काठमाडौंबाट आएका प्रशिक्षक पर्शुराम घिमिरेले तालिम दिएका थिए ।

कार्यक्रममा सिप्रदीका एरिया सेल्स म्यानेजर सन्दिप महताको उपस्थिति रहेको थियो । तालिममा सहभागिता जनाएका मेकानिकले सिप्रदीले दिएको बिएसफोर सम्बन्धी तालिमले भविष्यमा सवारीसाधानमा आउने समस्यालाई सरल ढंगले समाधान गर्न धेरै सहयोग पुर्‍याउने बताए ।

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३






यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अब एन्ड्रोइड फोनमा पनि अत्याधुनिक वायरलेस चार्जिङ

कैयन् वर्षको पर्खाइपछि अन्ततः एन्ड्रोइड फोनमा समेत अत्याधुनिक वायर लेस चार्जिङ प्रविधि उपलब्ध हुने भएको छ । वायरलेस पावर कन्सोर्टियमका अनुसार एन्ड्रोइड फोनमा निकट भविष्यमै त्त्ष्२ वायर लेस प्रविधिको सुरुवात हुन लागेको पुष्टि गर को छ । यो मामिलामा सामसुंग तथा गुगल सबैभन्दा अगाडि छन् ।

कन्जुमर इलेक्ट्रोनिक शो २०२५ मा गरिएको उक्त घोषणाले एप्पलमा जस्तै एन्ड्रोइड फोनमा पनि वायरलेस चार्जिङ प्रविधिको प्रतिक्षा गरिरहेका प्रयोगकर्ताहरुमा उत्साह बढाइदिएको छ ।



**Qi2 : वायरलेस चार्जिङको क्षेत्रमा ठूलो कदम**

वास्तवमा Qi2 वायरलेस चार्जिङमा एउटा ठूलो सुधार हो जसले पुरानो Qi मानकलाई परिवर्तन गर्नेछ । यो प्रविधिले तीव्र तथा अधिक कुशल चार्जिङ उपलब्ध गराउनेछ, जसमा चार्जिङ स्पीड १५ वाटसम्म हुनसक्नेछ ।

Qi2 प्रविधिले चुम्बकीय रिंगसको प्रयोग गर्दछ, जुन डिभाइससँग सही तरिकाले एकीकृत हुन्छ । उक्त डिजाइनले उर्जाको क्षति कम गर्दछ, जसबाट चार्जिङ प्रक्रिया अधिक विश्वसनीय तथा कुशल बन्दछ ।

एप्पलले MagSafe २०२३ बाट यस्तै वायरलेस चार्जिङ प्रविधि उपलब्ध गराइरहेको अवस्थामा यो क्षेत्रमा एन्ड्रोइड भने पछि रहँदै आएको छ । तर Qi2 आएसँगै यसको अभाव पूर्ति हुनेछ ।

**सामसुङ र गुगलको ठूलो योगदान**

गुगल र सामसुङले आधिकारिक रुपमा क्यू आइ टू मानक अबलम्बन गर्ने पुष्टि गरेका छन् । यो वर्षको अन्त्य सम्ममा ग्यालेक्सी फोनमा उक्त वायरलेस चार्जिङ प्रविधि उपलब्ध गराइने सामसुङले जनाएको छ । यद्यपि यसै महिला लञ्च हुने ग्यालेक्सी एस २५ सिरिजका स्मार्टफोनमा यस्तो वायरलेस चार्जिङ प्रविधि हुने नहुने भन्ने कुरा प्रष्ट भएको छैन । कतिपयले Qi2 को पूर्ण एकीकरण ग्यालेक्सी एस२६ मा मात्रै हुने बताएका छन् ।

**एप्पलको म्यागसेफसाग प्रतिस्पर्धा**

वर्षौंदेखि एप्पल प्रयोगकर्ताले म्यागसेफको माध्यमबाट उत्कृष्ट चार्जिङको अनुभव लिन पाएका छन् । एन्ड्रोइड फोनले वायरलेस चार्जिङ सपोर्ट गरेपनि यो कम विश्वसनीय तथा सुस्त छ । तर क्यू आई टू को आगमनसँगै यो स्थिति बदलिन सक्दछ । म्याग्नेटिक अलाइनमेन्ट सिस्टम अबलम्बन गरेर एन्ड्रोइड डिभाइसले उत्कृष्ट पर्फमेन्स तथा तीव्र गतिको चार्जिङ प्रदान गर्नेछ र एप्पलको प्रविधिसँग बराबरीमा पुग्नेछ ।

**यौन स्वास्थ्य**

# गर्भनिरोधक साधन र स्थायी बन्ध्याकरण महिलाको ठेक्का !

सिन्धुलीकी ३१ वर्षीया मनिता मोक्तान (नाम परिवर्तन) एक छोरी र एक छोराकी आमा हुन् । 'दुई सन्तान, ईश्वरका वरदान' भनेझैं उनी स्थायी बन्ध्याकरण गरेर सुखी जिन्दगी बिताउन चाहन्छिन् । तर श्रीमान्ले इजाजत नदिदा करिब ६ वर्षको अवधिमा उनले दुई पटक गर्भपतन गराइसकिन् । उनका श्रीमान्ले स्थायी बन्ध्याकरण गरे तिमीलाई गाह्रो हुन्छ भन्दै बारम्बार अस्थायी साधन प्रयोगमै जोड दिन्छन् ।

'फरक फरक अस्थायी साधन प्रयोग गर्दा शारीरिक रुपमा कमजोर महशुस हुन्छ । तर श्रीमान्ले न स्थायी बन्ध्याकरण गर्न दिन्छन्, न त अस्थायी साधनको प्रयोग गर्न मान्छन् । अब सन्तानको रहर पुगिसक्यो ।' मोक्तानले भनिन् । ३६ बर्षीया सपना प्रधान तीन सन्तानकी आमा हुन् । यस बीचमा उनले पनि दुइपटक गर्भपतन गराइ सकिन् । उनका श्रीमान प्रायः रोजगारको सिलसिलामा विदेश बस्छन्, बर्षमा डेढ/दुई महिना घर आउँछन् । घर आउँदा श्रीमान्लाई उनले कन्डमको प्रयोग गर्न आग्रह गर्दा समेत मान्थेनन् । स्थायी बन्ध्याकरणको त कुरै सुन्न मन पराउँदैनथे ।

सो अवधिमा विभिन्न किसिमका गर्भनिरोधक साधन प्रयोग गर्थिन् । प्रधानले गर्भ निरोधकका साधन श्रीमान बसुन्जेल प्रयोग गरेपनि शारीरिक पीडा भने श्रीमान पुनः घरमा फर्किने बेलासम्म भोग्न पर्थ्यो । किनभने न त महिनावारी सही समयमा हुन्थ्यो, महिनावारी हुँदा कहिले धेरै रगत बग्ने, कहिले वजन बढ्ने कहिले घट्ने, चक्कर आउने हुँदा शारीरिक रुपमा कमजोर भइन् । अहिले पाठेघरमा नै समस्या देखिएपछि चिकित्सकले अप्रेशनको सल्लाह दिएका छन् । उनी भन्छिन्, 'जव मैले गर्भपतन गराएँ, आराम गर्न पाइनँ । शरीर कमजोर हुँदा पनि बाबुनानी ख्याल गर्नुपर्यो । पाठेघरमा समस्या भएकाले अप्रेशन गर्ने अवस्थामा पुगें ।'



**पुरुषभन्दा महिला चार गुणाले बढी**

मनिता मोक्तान र सपना प्रधान त उदाहरण मात्र हुन्, जसलाई सन्तानको रहर पुगिसक्दा पनि स्थायी बन्ध्याकरण गर्ने इजाजत छैन । गर्भ निरोधक साधन प्रयोग गर्ने पुरुषभन्दा महिला चार गुणाले बढी छन् । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य क्षेत्रमा महिलाहरु स्वनिर्णय गर्न नसक्ने भएकाले अस्थायी बन्ध्याकरण र स्थायी परिवार नियोजन गर्ने महिलाको संख्या बढेको हो । लामो समयदेखि महिला स्वास्थ्य र विकासमा काम गर्दै आएकी योशानकी सहसंस्थापक नर्स दुर्गा सापकोटाले गर्भनिरोधक साधनका नाममा विश्वमा नै महिलाको शरीर माथि शोषण भइरहेको बताउँछिन् । उनका अनुसार गर्भनिरोधक साधनको प्रयोग र स्थायी बन्ध्याकरण अपवादमा बाहेक स्वनिर्णय नभई महिलाको लागि बाध्यता भएको छ । स्वास्थ्य विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाको तथ्यांकलाई केलाउँदा पनि नेपालमा गर्भ निरोधक साधन प्रयोग गर्ने र स्थायी साधन प्रयोग गर्ने महिला बढी छन् । यस वर्ष ११ लाख ४४ हजार ८३५ जना पुरुष र महिलाले गर्भनिरोधक साधन प्रयोग गरेका थिए । जसमा अस्थायी साधनको प्रयोगकर्ता जम्मा १ लाख ६२ हजार ५३९ जना मात्र पुरुष रहेका छन् । जसले गर्भनिरोधक विधि कन्डम प्रयोग गरे । परिवार कल्याण महाशाखाका अनुसार २०७६-७७ मा २४ लाख ४४ लाख ४१७ जनाले स्थायी र अस्थायी साधन प्रयोग गरेको पाइएको छ । स्थायी बन्ध्याकरण गर्ने १२ लाख ९९ हजार ५५२ छन्, जसमा महिलाको संख्या ९ लाख ९२ हजार ३६ तथा ३ लाख ७ हजार ५१६ पुरुषले बन्ध्याकरण गरेका छन् ।

परिवार योजना तथा प्रजनन् स्वास्थ्य शाखा प्रमुख कविता अर्यालका अनुसार गर्भनिरोधकका साधनका प्रकार पुरुषको भन्दा महिलाको बढी भएकाले महिलाको संख्या बढी देखिनुका कारणमध्ये एक हो । महिलाले गर्भ निरोधकका लागि प्रयोग गर्ने साधन इम्प्लान्ट, खाने चक्की (पिल्स), तीन महिने सुई (डिपो सुई), आईयुसीडी छ । पुरुषका लागि कण्डम मात्रै हो ।

**बलपूर्वक गर्भनिरोधक साधनको प्रयोग**

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा परिवार नियोजनको अधिकारमा बलपूर्ण लिखित मन्जुरीबिना परिवार नियोजनका साधन प्रयोग गराउन नहुने उल्लेख छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा २ को (ङ) र (च) ले गर्भ निरोधकको बारेमा परिभाषा गर्दै दफा ३ को उपदफा (१) ले प्रत्येक महिला तथा किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि शिक्षा, सूचना परामर्श तथा सेवा प्राप्त गर्ने अधिकार स्पस्ट व्यवस्था गरिएको उल्लेख छ ।

प्रत्येक महिलाले आत्मसम्मानपूर्वक गुणस्तरीय तथा छनौटका विकल्प सहितको प्रजनन स्वास्थ्य सेवा पाउने, सेवा प्रदायक चिकित्सक, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले थोपरेको नभई यससम्बन्धि शिक्षा, सूचना, परामर्श तथा सेवा आत्मसम्मानपूर्वक पाउने र छनौट गर्न पाउने अधिकार हुन्छ । नेपालमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार विषयमा शिक्षा प्रवाह अतिआवश्यक पर्ने अर्यालको भनाइ छ । नेपालको सन्दर्भमा प्रजनन् स्वास्थ्यसम्बन्धी कानूनी व्यवस्था राम्रो भएपनि व्यवहारिक रुपमा लागू नभएको अधिवक्ता सविन श्रेष्ठ बताउँछन् । नेपालमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ अनुसार नेपाली नारीले स्वेच्छाले यसको प्रयोग गर्न पाएका छैनन् ।

**३७.४ प्रतिशतले लिए परिवार नियोजन सेवा**

सात प्रदेशमा परिवार नियोजन सेवा औसतमा ३७.४ प्रतिशतले लिएका छन् । जसमा सबैभन्दा बढी मधेश प्रदेशबाट ४३.५ प्रतिशतले तथा सबैभन्दा कम बाग्मती प्रदेशमा ३१.७ प्रतिशतले सेवा लिएका छन् । क्रमशः प्रदेश नम्बर १ मा ३९.७ प्रतिशत, गण्डकीमा ३२.८ प्रतिशत, लुम्बिनीमा ३७.३ प्रतिशत, कर्णालीमा ३५.६ प्रतिशत र सुदूरपश्चिमममा ३५.६ प्रतिशतले परिवार नियोजन सेवा लिएका छन् । २० बर्ष नपुग्दै बच्चा जन्माउँदा आमा र बच्चा स्वस्थ्य नहुने चिकित्सकहरु बताउँछन् । त्यसैले, नेपालमा नारा छ, 'बिहेवारी, बीस वर्ष पारी ।' कानुनतः नपाइए पनि नेपालमा २० वर्ष नपुग्दै विवाह भएको धेरै पाइन्छ । परिवार योजना तथा प्रजनन् स्वास्थ्य शाखा प्रमुख अर्यालका अनुसार कम्तीमा दुई वर्षको जन्मान्तर कायम गरेको खण्डमा मातृ मृत्यु दर ३० प्रतिशतसम्म तथा शिशु मृत्यु दर १० प्रतिशतसम्म घटाउन सकिन्छ ।

योशानका सहायक संस्थापक सापकोटा भन्छिन्, 'जहिले पनि महिलाको शरीरलाई उपभोग र नियन्त्रण गरिएको छ । विश्वमा नै परिवार नियोजनको साधन प्रयोग गर्ने महिलाको मात्र जिम्मेवारी हो जस्तो गरिएको छ ।' परिवार नियोजनका साधन महिलालाई मात्रै लक्षित गरी बनाइएको उनको जिकिर छ ।

**साहित्य**

व्यंग्य

# ल्याङ फ्याङ

**✍ शेखर बासकोटा**

मानिसमा पैसाको घमण्ड अत्याधिक बढेको एक अध्ययन प्रतिवेदनले देखाएको छ । ग्रासले बल भुईमान्छे देखि माथिल्लो मध्यम वर्गमा समेत यो समस्याले गाउँ टोल आक्रान्त बनेको देखिन्छ । भित्र खोले खाएपनि बाहिर कुकुरलाई चे...चे भनेर भात दिने चलन परापूर्व कालदेखि चल्दै आएकै हो । झन यो फेसबुकले सकिनसकी आडम्बरको खास्टो ओडेको देख्दला झनै उदेक लाग्छ । मन लगाए नहेर, तँलाई कल्ले कर लाछ र ब्लक हान्दे आदि । असामाजिक छ, यो उत्ताउलो छ समाजमा पच्दैन, आफ्नै परिवारले पनि मन पर्न गाह्रो छ भन्न थाहा छ नि, अनि किन र के का लागि लाज मर्नु काम गर्छौ । ल मलाई मन परेन मैले ब्लक हानें तर संसार भरी त पुग्यो पुगेन र ? तिमी र तिम्रो काम नराम्रो भनेर मैले नभने पनि दुनियाले पक्कै भन्ने छ । हाम्रो वरिपरि विदेश नजाने विरलै होलान् । हर एक घरका सदस्य विदेश गएकै हुनुपर्छ । या अधिँबेरी हो, यो हुरी हो, यो हुरीले सबैलाई विदेश उडाएकै छ । हर घर छिमेकीका फूर्ति, भो कुरा नगरौं । नसोध्नुस विदेशमा के काम गर्छन् भनेर ।

विदेशमा गर्ने कामको करिब एक चौथाई मात्रै काम आफ्नै देशमा गर्नुस् धरोधर्म यो देश जत्तिको स्वर्ग कहीँ कतै पाइँदैन । वातावरण नै छैन, कस्तो ओठे जवाफ आउँछ । काम गर्नुस् निरन्तर गर्नुस्, गरि रहनुस् आफुले आफुलाई निरन्तर घोट्नुस् अवश्य फल पाइन्छ । व्यवस्था र अवस्था हामी हामी आफै मिलेर व्यवस्थित गर्ने हो । चिया पसल र भट्टीमा फलाकने हाम्रो आनिबानीमा सुधार ल्याउन जरुरी छ ।

विदेशमा आची सोर्ने नाली सफा गर्ने भाडा चम्काउनु भन्दा नेपालमा कपाल काट्नु मोटरमा ग्रिजीङ गर्नु पुराना सामान टिप्नु राम्रो होइन र ? काम गर्नुस् जे काम गरे पनि पैसाको कमी हुने देश यो नेपाल होइन ।

अर्काको कुरो गरेर आफ्नो मानो खेर नफालौं ।

कविता

## बाँसुरी बजाइरहेको निरो



**✍ अमृत दाहाल**

आगोका हिंस्रक लप्काहरुले जलाइरहेछ देश,
सहन नसकेर आगोका राप
अन्तिम श्वास फेर्नुअघि
मागिरहेछन् जीवनको भिख
तै पनि विशाल अट्टालिकामा बसेर
निरन्तर बजाइरहेछ निरो बाँसुरी
बजाइरहेछ हठ र अहंकारको धून ।
दिनहुँ बगिरहेछन् गाउँ-नगर बगाउने गरी भेल
बगिरहेछन् बस्ती र छाप्राहरु
र, भेलले बगाइरहेका छन् मान्छेका लाशहरु
जीवनको अन्तिम आशामा गुन्जिरहेछन् आर्तनाद
कैयौं आवाज भेलको सुसाहटमै विलिन भए ।
तर आदेश दिँदै मृत्युको
स्मशान बनेको शहरबाट खरानी उठाएर
बेच्ने सुर कस्दैछ निरो
र, पनि विशाल महलमा बसेर
निरन्तर बजाइरहेछ निरो बाँसुरी ।
सपना जलेका पीडाले
छट्पटाइरहेछन् जीवनहरु
मन जलेका छन्
अझ बढी जलेका छन् पेटका आगोले
त्यही पीडा शान्त पार्ने भीड
देश छाडिरहेछ
बनिरहेछ देश,
क्रमशः निर्जन, सुनसान
खण्डहर बनेको छ देश
तर, निरोलाई के मतलब
उ त,
टाइम मेसिनमा बसेर विगत चहार्दैछ
उही पूरानै सम्राट ठानिरहेछ आफूलाई
त्यसैले त महलमा बसेर निरन्तर बजाइरहेछ बाँसुरी
बजाइरहेछ एकोहोरो कर्कश धून
तर, शहर जल्दा त्यही आगो,
असन्तुष्टि र आक्रोशको ज्वाला भएर
आफ्नै महलमा आइपुग्ला भनेर
थाहै पाएन निरोले
निर्धा मानिसको आँखाबाट झरेका आँशुले
महल डुबाएको थाहै पाएन
समयको एकोहोरो धून बजाइरहेको सन्की निरो
भागिरहेछ
मान्छेका सपना, आकांक्षाले लखेटिरहेछन् ।
तर, कहिलेसम्म भागिरहला र अहंकारी निरो
कहिलेसम्म बजिरहला र,
समयको उन्मादबाट बजेको कर्कश धून ।

कविता

## कसम

**✍ गोबिन्दिसंह रावत**

कस्सम
सत्ते धरोधर्म तिम्रो मासु खाने
तिमी असाद्धै राम्री छौं
भगवान कसम ईश्वरले नासै गरुन
तिमीलाई म असाद्धै मन पराउछु
आमा कसम झुठो बोले हैजा लागोस
तिमी बिना म बाँच्नै सक्दिन
मरी जाउँ ढाटे आजको रात काट्न न पाउँ
तिमी मेरो जीवनको पहिलो र अन्तिम प्रेम हौं
आपुनै रगत खानकक यो आगोले भष्म पारोस
तिमीलाई रानी बनाएर राखुला
कुकुरको मासु खाने नासै भई जाउँ
तिमीलाई पाइन भने म डुबेर मर्छु
विद्या कसम मैले ढाटेको हैन
तिमीलाई न पाए अर्को मैया खोज्न थाल्छु
अनि झुठो कसम खाएर साँचो माया लाउँछु
सत्ते धरोधर्म तिम्रो रगत खाने ढाट्या हैन
कस्सम

## दृष्टि

**✍ रमेश काडेल**

म मेरो जन्मघरको छाना माथि छु
जसलाइ मान्छेहरु सगरमाथा भन्छन्
त्यहि छानामाथिबाट म संसार हेर्दैछु।
यो संसार कत्ति रमाइलो छ,
झिलिमिली झिलिमिली, बत्ति नै बत्ति
झिमिक्कै नगरी म संसार हेर्दैछु
यो उचाई, जुन भन्दा माथि अरु कुनै उचाई छैन
यस उचाई बाट म संसार हेर्दैछु।
बिश्वभरीका देशहरुलाई एक पछि अर्को गर्दै
हातले इशारा गर्दैछु,
म सबैभन्दा माथिबाट संसार हेर्दैछु।
मैले वासिँटन देखें,लण्डन शहर देखें,
पेरिस देखें अनि ब्रुसेल्स पनि देखें
कस्ता चम्केका टलक्क ! टलक्क !
हामफालेर गैइ त्यसलाई छुने सोच्दैछु
थर्ड पोल बाट म संसार हेर्दैछु।

त्यो धागोको त्यान्द्रो जस्तो नाइल नदी होला
ला ! बागमती खोइ त ?
म जुन छतमा छु, त्यहाँबाट सबैभन्दा नजिक छ
तर मैले बागमती देखेको खोइ त ?
आँखा तानी तानी म बागमती खोज्दैछु
बागमतीकै माथिबाट म संसार हेर्दैछु ।
टिनीनीनी घण्टीको आवाज सुनियो
पक्कै पशुपतीमा आरती सुरु भो
ला ! मैले पशुपती देखेको खोइ त ?
फनफनी घुम्दै म पशुपती खोज्दैछु,
पशुपतीकै माथिबाट म संसार हेर्दैछु ।
स्वयम्भु, पलाञ्चोक, न्यातपोल छैन
काठमाडौ, कपिलबस्तु, गोरखा पनि छैन
मैले मेरो नेपाल देखेको खोइ त ?

कविता


म छतमा बसी आँगन हेर्न खोज्दैछु,
म माउन्ट एभरेस्टबाट संसार हेर्दैछु ।

लौन ! मलाई यो छटपटी किन हुदैछ?
मेरो आँखाको नजिक किन अन्धकार ?
टाढाको झिलिमिलीले मलाई हसाएन
आँगन नहेरी छतबाट पाइला ओर्लिएन
कहिले देख्छु आँगन भनी कुरी बस्दैछु
म ८८४८ मिटर माथिबाट संसार हेर्दैछु ।

चिसो सिरेटो सँगै छतमा एक घण्टा बित्यो
२,३,४,५,६ अनि सात घण्टा बित्यो
कठाँग्रिएको सुस्केरासँगै आठ घण्टा बित्यो
बल्ल मेरो आँखा अघि उज्यालो छायो
सबैभन्दा पहिले मैले धरहरा देखेँ
पशुपती, स्वयम्भु गर्दै पूरा नेपाल देखें
आहा मैले छतबाट मेरो आँगन देखें.

मेरो घरको बिजुलीको फिउज गएको छ
भोलि, पर्सि, निकोर्सी सधैं जानेछ
त्यहि पनि म सधैं छतमा आउनेछु,
आठ घण्टा कुरेर आँगन हेर्नेछु ।
संसारकै उज्यालोलाई पोल्टोमा समेट्न सक्ने
शक्ति छ मेरो घरमा
तर रित्तो पोल्टो लिएर धुम्धुम्ती उभिएको छ
अन्धकारले रुमल्लिएर अन्धाधुन्ध भएको छ
कठै ! बत्तिकै मूनि अन्धकार !
तै पनि घरको छतमा आउनेछु म हरेक साँझ
त्यस दिन मात्र सायद म प्राण त्याग्नेछु
जब मैले मेरो आँगन नपर्खिकन देख्नेछु
जब पहिलो नजर म नेपाल हेर्नेछु
हो म हरेक दिन आउनेछु,
छानाबाट म मेरो आँगन हेर्नेछु,
आठ घण्टा कुरेर आँगन हेर्नेछु ।

**चित्रकला**





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# समस्याका चाङमा निर्माण क्षेत्र, बढ्दैछन् जीर्ण आयोजना

काठमाडौं/नेपाल निर्माण व्यवसायी महासंघ निर्माणकै सिजनमा आन्दोलनको तयारीमा जुटेको छ । महासंघ महासचिव रोशन दाहालका अनुसार महासंघले शनिबार काठमाडौंमा राष्ट्रिय भेला आह्वान गरेको छ । भेलाले आन्दोलनका कार्यक्रम तय गर्ने र चरणबद्ध आन्दोलनमा जाने तयारी गरेको छ ।

निर्माण व्यवसायीले चरणबद्ध आन्दोलनमा जाने तयारी गर्नुका पछाडि पृष्ठभूमिमा विविध कारण देखाइएको छ । जसमध्ये केही मुख्य कारण यस्ता छन्, जुन राज्य सञ्चालक र नेतृत्वको लापरबाहीले उत्पन्न भएका हुन् । एकातर्फ सम्पन भइसकेको कामको भुक्तानी नपाएको गुनासो निर्माण व्यवसायीको छ भने अर्कातर्फ सरकारले अन्धाधुन्ध आयोजना घोषणा गर्ने र स्रोत सुनिश्चितताविना कार्यान्वयनमा जाँदा स्रोत व्यवस्थापनमा समस्या परेको छ ।



यसले निर्माण व्यवसायी मात्र समस्यामा परेका छैनन्, समग्र निर्माण क्षेत्र प्रभावित बन्दै जीर्ण आयोजना संख्या बढ्दो छ । महासंघले संकलन गरेको तथ्यांक अनुसार सरकारले अहिले घोषणा तथा छनोट गरेका आयोजनाको कुल लागत ६ खर्बभन्दा माथि पुगिसकेको छ । त्यसमध्ये १ खर्बभन्दा बढीका आयोजनाको स्रोत सुनिश्चितता छैन ।

### निरन्तर संकुचनमा निर्माण क्षेत्र

राष्ट्रिय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिकको कुल गार्हस्थ उत्पादन (जीडीपी) तथ्यांक अनुसार अर्थतन्त्रका १८ क्षेत्रमध्ये निर्माण मात्र यस्तो क्षेत्र हो, जुन ऋणात्मक छ । अन्य सबै क्षेत्रमा सकारात्मक वृद्धि हुँदा निर्माण क्षेत्र संकुचनमा छ । निर्माण क्षेत्र ०.३ प्रतिशतले संकुचनमा रहेको देखिन्छ । कार्यालयका अनुसार चालु आव प्रथम त्रैमासमा निर्माणजन्य वस्तु आयातमा आएको गिरावट र निर्माणले गति लिन नसक्दा यो क्षेत्र संकुचनमा पुगेको उल्लेख छ ।

### भएकै कामको छैन भुक्तानी

निर्माण व्यवसायीका दाबी अनुसार निर्माणका काम सम्पन्न भइसकेका आयोजनामा समेत अझै आधा खर्ब रुपैयाँ बराबर भुक्तानी बाँकी छ । राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, संघीय सरकारबाट प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण भएका आयोजना, स्थानीय अस्पताल निर्माणजस्ता आयोजनामा ठेक्का लागेर भएको कामको मात्र भुक्तानी आधा खर्ब हाराहारी हुने महासंघको भनाइ छ ।

सरकारले चालु आव सुरु भएलगत्तै अघिल्लो आवको ४ अर्ब रुपैयाँ हाराहारी भुक्तानी गरेको थियो । त्यसपछि प्रक्रिया पूरा गरी आएको बिलको भुक्तानी धेरै नरहेको दाबी गर्दै सरकारले थप भुक्तानीमा चासो देखाएन । निर्माण व्यवसायीका अनुसार यस्तो भुक्तानी रोकिँदा व्यवसायीको आर्थिक चक्र नै बिग्रिने अवस्था आएको छ । महासंघ महासचिव दाहालका अनुसार राज्यबाट निर्माण व्यवसायीलाई चालु आवमा दिइएको आंशिक भुक्तानी समेत चालु आवमा विनियोजित बजेटबाट दिइएको हो ।

यस्तो प्रवृत्तिले चालु आवमा थप निर्माण कार्यको भुक्तानीको जटिलता अझ दोहोरिने देखिएको छ । २०७९/८० बाट निर्माण व्यवसायीले काम सम्पन्न गरे अनुसार भुक्तानी पाउन नसकेको उनले बताए ।

### राजनीतिक दबाबमा स्रोत सुनिश्चितताविना ठेक्का

प्रधानमन्त्री केपी शर्मा ओलीले १५ मंसिर २०७७ मा बालुवाटार बाट स्विच थिचेर ३ सय ९६ आधारभूत अस्पताल शिलान्यास गरेका थिए । त्यसरी एक साथ अर्बौं रुपैयाँ बराबर आयोजना शिलान्यास गरिए पनि स्रोत व्यवस्थापन नहुँदा अधिकांश अस्पतालको काम अलपत्र छ ।

प्रधानमन्त्री ओलीले दुई वर्षभित्र भवन निर्माण गरी अस्पताल सञ्चालनमा ल्याउने घोषणा गरेका थिए । पहिलो चरणमा ३ सय ९६ अस्पताल बनाउने घोषणा गरिएको थियो । १२ पुस २०७७ मा तत्कालीन स्वास्थ्यमन्त्री भानुभक्त ढकालले मन्त्रीस्तरीय निर्णय गर्दै थप २ सय ५९ अस्पताल बनाउने घोषणा गरे ।

तर, यी आयोजनामध्ये पहिलो चरणका अस्पतालका लागि तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले ५८ अर्ब रुपैयाँ हाराहारी स्रोत सुनिश्चितता निर्णय गराएका थिए । तर, दोस्रो चरणमा घोषणा गरिएका २ सय ५९ अस्पतालको स्रोत सुनिश्चितता भएको छैन । सोहीकारण अर्थले बजेट दिएको छैन । 'तत्कालीन नेतृत्वले उपलब्धि देखाउने नाममा स्रोत सुनिश्चित नहुँदै निर्णय लिँदा आजको अवस्था आएको हो,' स्वास्थ्य मन्त्रालयका एक उच्च अधिकारीले संचारकर्मीसँग भने, 'यो एक उदाहरण मात्र हो ।'

विकासे मन्त्रालयबाट यसरी स्रोत सुनिश्चितताविना कति आयोजना ठेक्का लागेको छ भन्ने यकिन तथ्यांक सरकारी निकायसँग छैन । नेपाल निर्माण व्यवसायी महासंघका अनुसार यसरी ठेक्का लगाइएका आयोजनाको लागत १ खर्बभन्दा माथि छ । अर्कातर्फ, एउटा सरकारले राजनीतिक लाभका लागि आकर्षक आयोजना कार्यान्वयनमा लैजाने र अर्को सरकारले त्यसको स्वामित्व नलिँदा आयोजना जीर्ण बन्दै जाने समस्या बढी देखिएको छ ।

महासंघका महासचिव दाहाल भन्छन्, 'आयोजना सम्पन्न गर्न सक्ने कुनै पनि आर्थिक स्रोत सुनिश्चितताको क्षमता नभएको पुष्टि भइसकेका आयोजनाको प्राथमिकीकरण गरी स्रोतविनाका ठेक्का तत्काल खारेज गर्नुपर्छ ।'

### बेमौसमी मूल्यवृद्धिको मार

निर्माण क्षेत्रलाई मूल्यवृद्धिको मार समेत परेको छ । निर्माण सामग्री उत्पादक कम्पनीहरूले पछिल्लो एक महिना अवधिमा पटक-पटक गरी सिमेन्टमा प्रतिबोरा २ सय रुपैयाँभन्दा बढी मूल्य बढाएका थिए । डन्डीमा प्रतिकिलो १५ रुपैयाँसम्म मूल्यवृद्धि भयो । यसले उपभोक्तामाथि मार परे पनि राज्यले ठोस निर्णय लिएन । बरु, निजी कम्पनीले सरकारी सिमेन्ट उत्पादकभन्दा अझै पनि कम मूल्य लिएको तर्क गर्दै वाणिज्य मन्त्रालय र विभागका हाकिमहरूलाई सहमत गराउन सफल भए ।

यसबीच ओपीसी सिमेन्टको मूल्य प्रतिबोरा ५ सय ६० र पीपीसी सिमेन्टको मूल्य प्रतिबोरा ४ सय ६० रुपैयाँ राख्ने सहमति गरिएको थियो । उक्त सहमति व्यवहारमा अझै कार्यान्वयन नभएको व्यवसायीको गुनासो छ ।

### कालोसूचीमा राख्ने क्रम बढ्यो

पछिल्लो समय निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने क्रम बढेको छ । मंगलबार मात्र १८ निर्माण तथा आपूर्ति आयोजनालाई कालोसूचीमा राख्न विभिन्न सरकारी निकायले सार्वजनिक खरिद कार्यालयमा सिफारिस गरेका छन् । व्यवसायी भने सरकारले निर्माणको भुक्तानी गर्न नसक्दा आर्थिक चक्र बिग्रिएको र त्यसले निर्माण व्यवसायी मारमा परिरहेको बताउँछन् ।

### दयनीय पूँजीगत खर्च, दर्जन मन्त्रालयको प्रगति ५ प्रतिशतभन्दा कम

चालु आव २०८१/८२ को पहिलो त्रैमास (साउन-असोज) सम्म एक दर्जन मन्त्रालयको पूँजीगत खर्च ५ प्रतिशतभन्दा कम रहेको पाइएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको असोज मसान्तसम्मको प्रगति प्रतिवेदन अनुसार पहिलो त्रैमाससम्म औसत पूँजीगत खर्च ८.३४ प्रतिशत थियो । यो औसतभन्दा माथि ५ मन्त्रालयले मात्र पूँजीगत खर्च गर्न सफल भएका थिए ।

१३ मन्त्रालयले भने ५ प्रतिशतसम्म पनि पूँजीगत खर्च कटाउन नसकेको कार्यालयले जनाएको छ । पहिलो त्रैमासमा ५ प्रतिशत पनि पूँजीगत खर्च कटाउन नसक्ने मन्त्रालयमा सबैभन्दा कमजोर संघीय मामिला मन्त्रालय छ ।

यो मन्त्रालयले वार्षिक लक्ष्यको ०.४ प्रतिशतमात्र पूँजीगत खर्च गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ०.८ प्रतिशत, रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयले १/१ प्रतिशत पूँजीगत खर्च गरेका छन् । श्रम मन्त्रालय र वन मन्त्रालयले १.५ प्रतिशत, कानुन मन्त्रालयले २ प्रतिशत, अर्थ मन्त्रालयले २.१ प्रतिशत, स्वास्थ्य मन्त्रालयले ३.४ प्रतिशत र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले ३.७ प्रतिशतमात्र पूँजीगत खर्च गरेका छन् ।

त्यस्तै शिक्षाले ३.९ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ४.२ प्रतिशत र सहरी विकास मन्त्रालयले ४.५ प्रतिशतमात्र पूँजीगत खर्च गरेका छन् । विकासे मन्त्रालयमध्ये सबैभन्दा कमजोर सहरी विकास मन्त्रालय देखिएको छ ।

उता, सबैभन्दा धेरै विकास खर्च गर्नेमा भौतिक मन्त्रालय छ । भौतिकले तीन महिनामा लक्ष्यको १२.८ प्रतिशत खर्च गरेको छ । गृह मन्त्रालयले १२.२ प्रतिशत, कृषि ११.५, ऊर्जा १०.३, भूमि व्यवस्था ८.६, खानेपानी ७.५, प्रधानमन्त्री कार्यालय ६.४, पर्यटन ६.१ र महिला मन्त्रालयले ५.६ प्रतिशत पूँजीगत खर्च गरेका छन् ।

### सुधार प्रयास असफल

राष्ट्रिय योजना आयोगले २०७७/७८ मा बजेट तर्जुमा निर्देशिका जारी गर्दै म्याद गुज्रिसकेका आयोजना, अवधि नतोकिएका तर रुग्ण आयोजनालाई पूर्णरूपमा स्थगित गर्ने उल्लेख गरेको थियो ।

आयोगले अवधि नतोकेका तर सालवसाली सञ्चालन भएका कार्यक्रमले बजेट नपाउने गरी नियम बनाएको थियो । तर, बजेट बनाउने बेला उक्त नियमले प्राथमिकता पाएन । आयोगले आयोजना बैंक बनाएर आयोजना व्यवस्थित बनाउने प्रयास गरेको थियो । तर, यसलाई एक औपचारिक औजारमात्र बनाएर आफ्नो खल्तीका आयोजना बजेटमा छिराउने प्रवृत्ति अझै रोकिएको छैन । अर्थ मन्त्रालयले यस वर्ष आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड २०८१ ल्याएको छ ।

यो मापदण्डले राष्ट्रिय आयोजना बैंकमा समावेश भएको र कुल लागत अनुमान ५० करोड रुपैयाँभन्दा बढीका आयोजनाले बुहवर्षीय ठेक्का कार्यान्वयन गर्न सहमति वा स्वीकृति पाउने गरी तोकेको छ । सरकारी भवनको हकमा भने लागत सीमा १० करोड तोकिएको छ । पूर्वतयारी पूरा गरेका आयोजनालाई मात्र यस्तो सहमति दिने मापदण्डमा उल्लेख छ । यस मापदण्डले बहुवर्षीय ठेक्काको स्रोत सहमतिको अवधि बढीमा तीन वर्षको हुने भनी तोकेको छ ।

बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त आयोजनाले वैशाख महिनाभित्र ठेक्का सम्झौता नभए त्यस्तो सहमति स्वत: रद्द हुने गरी सर्त तोकिएको छ । यस मापदण्डले ठेक्का व्यवस्थापनका विगतका विकृति रोक्ने अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# पलको प्रेम र पीडा बोल्ने 'मायावी' पोस्टर

काठमाडौं/दीवाकर भट्टराईको निर्देशनमा बनेको फिल्म 'मायावी'को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ । शुक्रबार सार्वजनिक दुई पोस्टरले फिल्मका मुख्य दुई पात्र पल शाह र दीपिका प्रसाईँको मनोदशा दर्शाउँछ । एउटा पोस्टरमा पल पीडामा देखिन्छन् । तर, अर्कोमा उनी दीपिकासँग प्रेमिल भावमा छन् । यसबाट के प्रष्ट हुन्छ भने फिल्मले प्रेम र वियोगलाई मुख्य कथावस्तु बनाएको छ ।




'मायावी' पलका लागि चल्नैपर्ने दबाब छ । किनकि, जेल जीवनपछि उनले 'सोलो हिट' पाएका छैनन् । 'पूजार सार्की'को सफलता उनले अनुभूत नै गर्न पाएनन् । उनलाई ठूलो आशा 'रावायण'प्रति थियो । यसमा केही फरक प्रयास पनि गरेका थिए । तर, न फिल्म चल्यो न उनको मिहिनेतको प्रशंसा भयो । यसैले अब उनको आशा र भरोसा भनेकै 'मायावी' हो ।

निर्देशक भट्टराई स्वयंको लेखन रहेको फिल्ममा पल र दीपिकासहित सुशील सिटौला, करिश्मा श्रेष्ठ, राजाराम पौडेल, लक्ष्मी गिरी, प्रशान्त ताम्राकार, अंशु महर्जन, रवि डंगोल, रमा प्रसाँई लगायतको पनि अभिनय छ । यो फिल्मबाट 'म्यान हन्ट इन्टरनेशनल नेपाल २०१६'का विजेता समिम खानले डेब्यु गरेका छन् । फिल्ममा ध्रुव न्यौपाने, राज कटुवाल र चन्द्र पन्त निर्मातामा छन् ।

प्रविन भट्टराई र करण सिंह कार्यकारी निर्माता रहेको फिल्मका सह-निर्माता राजु पराजुली र सुमित वली हुन् । यसमा राजु विक्रम थापाको डीओपी, मिलन श्रेष्ठको सम्पादन, साहिल खानको ट्रेलर, शम्भुजित बास्कोटा र एसडी योगीको संगीत तथा प्रविण सिंह र कविराज गहतराजको कोरियोग्राफी छ । यो फिल्म महाशिवरात्रिको दिन पारेर फागुन १४ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ ।

# ६ महिनापछि हलमा लाग्यो दयाहाङको फिल्म

काठमाडौं/केही वर्षयता वर्षमा धेरै फिल्म रिलिज हुने अभिनेताको कीर्तिमानी दयाहाङ राईको नाममा छ । गत वर्ष मात्र उनका ९ वटा फिल्म रिलिज भए । कति महिनैपिच्छे आए त कति एउटै मितिमा समेत भिड्न पुगेका थिए । यस वर्ष पनि गत वर्षकै हाराहारीमा उनका फिल्म प्रदर्शन हुँदैछन् । तर, यसपटक उनको फिल्म रिलिजमा लामो अन्तर देखिएको छ । त्यो अन्तर झन्डै ६ महिना लामो छ ।



गत असार २८ गते प्रदर्शन भएको 'घरज्वाइँ'पछि उनका कुनै फिल्म आएनन् । अब ६ महिनापछि शुक्रबारबाट हलमा उनको नयाँ फिल्म लागेको छ । त्यो हो, 'कार्साङ' । लामो समयपछि उनको नयाँ फिल्म रिलिज भएकाले दर्शकहरु पनि उत्साहित देखिन्छन् । र, मंसिर महिनायता पूर्ण रुपमा सुस्ताएको बजारलाई फिल्मले चलायमान बनाउने अपेक्षा पनि गरिएको छ ।

देशभरका मल्टीप्लेक्सहरुमा राम्रो सो पाएको फिल्मको बुकिङ भने उत्साहप्रद देखिएको छैन । यद्यपि, प्राय:जसो नेपाली फिल्मको 'डोरसेल' राम्रो हुने भएकाले 'वर्ड अफ माउथ'को आधारमा दिउँसोबाट हलमा दर्शकीय चाप बढ्न सक्ने विश्लेषण गरिएको छ । युट्युबमा टिजर, ट्रेलर र गीतलाई मिलेको भ्यूज र प्रतिक्रिया हेर्दा फिल्मलाई दर्शकले राम्रो साथ दिनसक्ने छनक देखिन्छ ।

शेर्पा समुदायको संस्कृति र परम्परामा आधारित भएर बनेको फिल्मले अभाव र दु:खसँग जुधिरहेको एक परिवारले आफ्नो संस्कार जोगाउन गरेको संघर्षको कथा भनेको छ । यसमा दयाहाङ राई शेर्पा समुदायको झाँक्रीको भूमिकामा छन् । उनको श्रीमतीको भूमिकामा सिर्जना निङलेखुले अभिनय गरेकी छन् । यो उनको पहिलो फिल्म हो ।

फिल्ममा यम शेर्पाको लेखन तथा निर्देशन रहेको छ । यो उनको निर्देशनमा बनेको पहिलो फिल्म हो । फिल्ममा जितु नेपाल, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, सुरवीर पण्डित लगायतको पनि अभिनय छ । फिल्मको निर्माता तथा छायाँकारमा पुरुषोत्तम प्रधान रहेका छन् । बुधबार साँझ काठमाडौंमा गरिएको प्रिमियरमा फिल्मले उत्साहजनक प्रतिक्रिया प्राप्त गरेको थियो ।

# फिल्म प्रदर्शनमा सिन्डिकेट : फिल्मकर्मी नै पक्ष-विपक्ष

काठमाडौं/नेपालमा फिल्म बनाउनभन्दा चलाउन कठिन छ । रिलिजका लागि मिति खोज्नदेखि हलमा शोका लागि निर्माताले ठूलै माथामच्ची गर्नुपर्छ । अब झन् फिल्म रिलिजको प्रक्रिया जटिल बन्दैछ । नेपाली फिल्म क्षेत्रका दुई संस्था निर्माता संघ र नेपाल चलचित्र संघले अबदेखि फिल्म रिलिज गर्दा दुवै संस्थामा दर्ता गर्नुपर्ने र निर्माता संघमा ५ हजार तिरेर सदस्यता लिनुपर्ने सिन्डिकेट लादेका छन् ।

यो निर्णय गर्न दुई संस्थाले कार्यदल नै बनाएका थिए । चलचित्र संघको तर्फबाट गोपाल कायस्थ र निर्माता संघको तर्फबाट उदय सुब्बा कार्यदलको संयोजक हुन् । तर, दुई संस्थाको कार्यदलको निर्णयलाई लिएर फिल्मकर्मीहरु पक्ष-विपक्षमा बाँडिएका छन् । एकथरी यसलाई असंवैधानिक भनिरहेका छन् भने अर्काथरी यो निर्माताकै हितमा रहेको तर्क पेश गरिरहेका छन् ।

कलाकार तथा निर्माता दीपकराज गिरीले फिल्म प्रदर्शनअघि निर्माता संघमा दर्ता गर्नुपर्ने र संघको सदस्य बन्नुपर्ने निर्णयको समर्थन गरेका छन् । निर्माता संघको तर्फबाट कार्यदलको सदस्य समेत रहेका उनले बिहीबार फेसबुक स्टाटसमार्फत् घुमाउरो रुपमा सिन्डिकेटको बचाउ गर्दै पशुपतिनाथ मन्दिरमा दर्शन गर्न लाइन बस्नुपर्ने नियमको उदाहरण दिएका छन् ।

उनी लेख्छन्, 'पशुपतिनाथमा भक्तहरूले दर्शन गर्न पाउनु लोकतन्त्र हो भने त्यहाँ लाइन बस्नुपर्ने चाहिँ अनुशासन हो । म स्वतन्त्र छु, लाइन बस्दिनँ भन्नु लोकतन्त्र होइन साँढेतन्त्र हो ।' दीपकराजको भनाइको आशय प्रष्ट छ, 'स्वतन्त्र छु भन्दैमा मनलाग्दी रुपमा फिल्म चलाउन पाइँदैन ।' उनको स्टाटसमा निर्देशक दीपेन्द्र के. खनाल, कलाकार निर्मल शर्मालगायतले समर्थन जनाएका छन् । स्टाटस लेख्नुभन्दा अघिल्लो दिन दीपकराजले एक अन्तर्वार्तामा निर्माताको हकहितका लागि लड्ने संस्थाको कोठाभाडा तिर्न समेत नसकिने अवस्था आएपछि फिल्म रिलिज गर्दा निर्माता संघमा सदस्य बन्नुपर्ने निर्णय गरेको बताएका थिए । यसको मतलब संघको कोठाभाडा तिर्न निर्माताले फिल्म रिलिज गर्नुअघि सदस्यताबापत ५ हजार तिर्नुपर्नेछ । नभए फिल्म रिलिज हुन पाउने छैन ।

एकातिर दीपकराज गिरी सहितका केही सीमित निर्माताहरु सिन्डिकेटको पक्षमा उभिँदा अर्कोतिर निर्देशकहरु नबीन सुब्बा, निश्चल बस्नेत, मनोज पण्डित, दीपक रौनियार, सुलक्षण भारती, निर्माता रामकृष्ण पोखरेल लगायतले दुई संस्थाले गरेको निर्णयको विरोध गरेका छन् । सिनेमा क्षेत्रमा सिन्डिकेटवाला निर्माणहरु असंवैधानिक रहेको उनीहरुको ठहर छ ।

बिहीबार निर्देशक निश्चलले फेसबुकमा प्रश्नवाचक चिन्हलाई उल्टोतिर घुमाएर घोचक ढंगले लेखेका छन्, 'निर्माता संघमा आबद्ध हुनुभयो भने यो यो सुविधा हुनेछ, हामी यसरी लड्छौं तपाईंहरुको हकहितको लागि भनेर उदाहरणसहित केही आउने आशा थियो ।' संघले निर्मातालाई विभिन्न सुविधामार्फत् आकर्षित गर्नुपर्नेमा उल्टो काम भइरहेको उनको भनाइको आशय देखिन्छ ।

त्यस्तै, निर्देशक तथा लेखक मनोज पण्डितले दुई संस्थाको निर्णयलाई असंवैधानिकको संज्ञा दिएका छन् । उनी लेख्छन्, 'सिनेमा सम्बन्धित श्रमजीवीको हितका लागि गठन भएका संघ-संस्थाहरु आफूलाई नै शाषक मान्दै अङ्कुश लगाउनेतर्फ अग्रसर हुनु पश्चगामी हावी हुनु हो । सिनेमा क्षेत्रमा सिन्डिकेटवाला निर्णयहरु भट्टाभट भइरहेको छ, जुन असंवैधानिक छ ।'

निर्माता संघको तर्फबाट कार्यदल संयोजक तथा निर्देशक उदय सुब्बाका अनुसार आगामी माघ १ गतेदेखि लागू हुने गरी चलचित्र संघमा वितरकले फिल्म दर्ता गर्दा निर्माता संघको पनि अनिवार्य सिफारिस पेश गर्नुपर्नेछ । यसका लागि निर्माता संघले ५ हजार सदस्यता शुल्क लिएर प्रदर्शनका लागि सिफारिस दिनेछ । यसअघि निर्माताले सीधै वितरकमार्फत् फिल्म प्रदर्शन गर्ने गरेका थिए ।

# दलको संख्या घटाउन 'थ्रेसहोल्ड' बढाउँदै सरकार

काठमाडौं/सरकारले संघीय संसदमा राजनीतिक दलको संख्या घटाउन निर्वाचन 'थ्रेसहोल्ड' (राष्ट्रिय दलको मान्यता पाउन र समानुपातिक सिट प्राप्त गर्ने पाउनुपर्ने मतको सीमा) बढाउन लागेको छ । यसका लागि निर्वाचन ऐन संशोधन गर्नेगरी गृह मन्त्रालयले विधेयकको मस्यौदा तयार पारेको छ । गृह मन्त्रालयले तयार पारेको निर्वाचन ऐन संशोधन विधेयक कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको राय लिन अगाडि बढाउने तयारी सरकारको छ ।

राष्ट्रिय दलको मान्यता पाउने आधारसम्बन्धी व्यवस्था राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५२ मा छ । राष्ट्रिय दलको मान्यता पाउन प्रतिनिधिसभा निर्वाचनमा समानुपातिकतर्फ ३ प्रतिशत र प्रत्यक्षतर्फ कम्तीमा एक सिट जितेको हुनुपर्ने व्यवस्था छ । प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा ११ मा समानुपातिक निर्वाचन प्रणालीतर्फको कुल सदर मतको ३ प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलका तर्फबाट मात्र उम्मेदवार निर्वाचन हुने व्यवस्था छ । अर्थात, ३ प्रतिशत मत नल्याउने दलले पाएको मतको प्रतिनिधित्व सदनमा हुँदैन ।

सरकारले यसलाई अझ बढाएर प्रतिनिधिसभाका लागि ५ प्रतिशत र प्रदेश सभाका लागि ३ प्रतिशत थ्रेसहोल्ड राख्न लागेको हो । नेकपा एमालेका महासचिव शंकर पोखरेल थ्रेसहोल्डसम्बन्धी प्रस्तावित मस्यौदा अब बस्ने संघीय संसदको हिउँदे अधिवेशनमा टेबुल हुने बताउँछन् ।

'प्रतिनिधिसभाका लागि ५ प्रतिशत र प्रदेश सभाका लागि ३ प्रतिशत भनेर प्रस्ताव गरिएको छ । त्यसले केही हदसम्म राजनीतिक दलहरूको संख्यालाई कम गर्दछ र स्थायित्वको आधार प्रदान गर्दछ,' महासचिव पोखरेलले संचारकर्मीसँग भने । प्रचलित ऐन अनुसार गत चुनावमा थ्रेसहोल्ड कटाउने सात राजनीतिक दल प्रतिनिधिसभामा छन् । ४ मंसिर २०७९ सालमा सम्पन्न प्रतिनिधिसभाको चुनावमा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले प्रचलित थ्रेसहोल्ड कटाएका थिए ।

त्यसबेला एमालेले कुल सदर मतको ३०.६९ प्रतिशत मत ल्याएको थियो । कांग्रेसले २९.२९ प्रतिशत मत पाएको थियो । माओवादीले १२.६८ र रास्वपाले १२.१९ प्रतिशत मत ल्याएको थियो । राप्रपाले ६.३५ प्रतिशत मत पाउँदा जनता समाजवादी पार्टी नेपालले ४.५४ र जनमत पार्टीले ४.२६ प्रतिशत मत ल्याएको थियो ।

त्यसबेला नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी, नागरिक उन्मुक्ति पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा र आम जनता पार्टीले समानुपातिक निर्वाचन प्रणालीतर्फ पाउनुपर्ने न्यूनतम मतको सीमा थ्रेसहोल्ड प्राप्त गर्न सकेका थिएनन । यी दलको प्रतिनिधित्व संसदमा हाल प्रत्यक्ष निर्वाचित सांसदहरूले गरिरहेका छन् जसले समानुपनतिक तर्फबाट भने एउटा पनि सिट प्राप्त गर्न सकेका थिएनन् ।

सरकारले थ्रेसहोल्डलाई अझ बढाएर संसदमा दलको संख्या घटाउन खोजेको हो । सरकारले प्रस्ताव गरे अनुसार प्रतिनिधिसभाका लागि ५ प्रतिशत राखिए अहिलेकै अवस्थामा आगामी चुनावमा मत प्रकट भए कम्तीमा दुई वटा दलको संख्या घट्छ । गत चुनावमा जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले ५ प्रतिशत भन्दा कम मत ल्याएका थिए । एमाले महासचिव पोखरेल भने मुलुकका लागि धेरै दल रहने अवस्था उचित नहुनेमा आफूहरू प्रष्ट रहेको बताउँछन् । बिहीबार एमाले मुख्यालय च्यासलमा आयोजित स्ववियु निर्वाचनसम्बन्धी कार्यशालामा पनि महासचिव पोखरेलले बलिया राजनीतिक दलहरूले मात्र देश बनाउन सक्ने बताएका थिए । उनले भनेका छन्, 'देश बनाउने हो भने सानातिना पार्टीमा अलमलिन हुँदैन । बलिया पार्टीतर्फ जनमतलाई ध्रुवीकृत गर्न जरुरी छ ।'

तर, एमाले महासचिव पोखरेलको 'सानातिना पार्टीको मत बलिया पार्टीतर्फ ुवीकृत गर्नुपर्छ' भन्ने मतप्रति साना दलहरूको आपत्ति छ । जनमत पार्टीका अध्यक्ष सीके राउतले सार्वजनिक रुपमा थ्रेसहोल्ड बढाउने सरकारको तयारीप्रति आपत्ति जनाएका छन् ।

'६-७ लाख गर्दै दशौं लाख (३०-४० लाख) जनताको मतलाई खारेज गर्ने र सो हिस्सा चोर बाटोले ठूला पार्टीमा जोड्ने निर्वाचन थ्रेसहोल्डको प्रावधान आमजनतालाई स्वीकार्य हुन सक्दैन,' राउतले भनेका छन् । सरकारको थ्रेसहोल्ड बढाउन खोजे संघर्षमा उत्रने उनको चेतावनी छ । अगाडि भन्छन्, 'हामी संघर्षका लागि तयार छौं । दुई दलीय तानाशाही नेपाललाई चाहिएको छैन ।'

नेपाल जस्तो धार्मिक, भाषिक, सांस्कृतिक, भौगोलिक र जातीय विविधतापूर्ण देशमा सानोभन्दा सानो समूहको आवाजको प्रतिनिधित्व सदनमा हुनुपर्ने उनको मत छ । सबै वर्ग, समुदाय र क्षेत्रले कम्तीमा आफ्ना समस्या सदनमा राख्न पाउनुपर्ने र यसअनुसार ऐन/कानुन बन्नुपर्ने अध्यक्ष राउतलाई लाग्छ । उनी भन्छन्, 'सबैले आफूलाई प्रभावित कसरी गर्ने भन्ने कुरा सदनलाई बताउन सकोस् ।'

संविधानको भावना र मर्म पनि यही भएको उल्लेख गर्दै अध्यक्ष राउतले यसविपरीत सरकार थ्रेसहोल्ड बढाउने गरी अगाडि बढे संघर्षमा उत्रने चेतावनी दिएका हुन् । नेकपा माओवादी केन्द्रकी सचेतक रुपा सोसी चौधरी निर्वाचन आयोगले गृह मन्त्रालयमा पठाएको निर्वाचन सम्बन्धी विधेयकको मस्यौदामा थ्रेसहोल्डबारे प्रचलित ऐनकै निरन्तरता रहने आफ्नो जानकारीमा रहेको बताउँछिन् । तर, सरकारले प्रचलित निर्वाचन थ्रेसहोल्ड बढाउन खोजे पार्टीले त्यसको शसक्त विरोध गर्ने उनको चेतावनी छ ।

उनी भन्छिन्, 'थ्रेसहोल्ड बढाउन आवश्यक छैन । हामीले सीमान्तकृत वर्ग र समुदायको प्रतिनिधित्व खोजेका हौं । यसका लागि एक भन्दा धेरै दल आउन सक्छन् भने पनि खुला रहनुपर्छ । थ्रेसहोल्ड बढाउनेतिर जानु हुँदैन ।' राजनीतिक स्थायित्वका लागि दलको संख्या घटाउनुपर्छ भन्ने सोचेको भए त्यसको विकल्प के हुन सक्छ भनेर खोज्न सरकारलाई उनको आग्रह छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# कांग्रेस क्षेत्रीय समितिले सुन्न थाल्यो कार्यकर्ताको कुरा



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/पार्टीको माथिल्लो नेतृत्व र पार्टीबाट निर्वाचित जनप्रतिनिधिले गरिरहेका काम कारबाहीबारेको सुझाव तथा आगामी कार्यदिशाका बारेमा छलफल गर्न नेपाली कांग्रेस मकवानपुर क्षेत्र नम्बर २ ले क्रियाशील जागरण तथा अन्तरसंवाद सुरु गरेको छ ।

क्षेत्रीय समितिले मकवानपुरको कैलाश गाउँपालिकाबाट कार्यक्रमको सुरुवात गरेको हो । क्षेत्रीय समितिले शुक्रबार कैलाश गाउँपालिकास्तरीय क्रियाशील भेला तथा अन्तरसंवाद कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा नेताका भाषण भन्दा पनि कार्यकर्ताका भावना र आगामी दिनमा अझै परिस्कृतरुपमा गरिने कार्यक्रमबारे सुझाव लिने र गुनासा भए सुनेर सम्बोधन गर्ने उद्देश्यले कार्यक्रम सुरु गरिएको नेपाली कांग्रेस मकवानपुर क्षेत्र नम्वर २ का सभापति लोकबहादुर मुक्तानले जानकारी दिए ।

क्षेत्र नम्बर २ भित्रपर्ने सबै ८ वटा स्थानीय तहमा छुट्टाछुट्टै कार्यक्रम आयोजना गरिने मुक्तानले बताए । शुक्रबार कैलाश-३ स्थित कालिकाटारमा आयोजित कार्यक्रममा करिब २ दर्जन क्रियाशील कार्यकर्ताले निर्वाचित जनप्रतिनिधि र पार्टीका नेतृत्वका गतिविधि र आगामी कामका बारेमा सुझाव दिएका थिए । कार्यक्रममा बोल्दै नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले पार्टीबाट निर्वाचित जनप्रतिनिधिले आमजनताको हितमा जिम्मेवार भएर काम गर्नुपर्नेमा जोड दिए । आमकार्यकर्ताको भावनालाई पार्टीको नेतृत्वले समेट्नुपर्ने उनले बताए ।

कार्यक्रमको उद्देश्यबारे बोल्दै पार्टी क्षेत्रीयसभापति मुक्तानले पार्टीका नेतृत्व र जनप्रतिनिधिले गरिरहेका काममा सहयोग गर्नुपर्नेमा जोड दिँदै कुनै गुनासा भए आन्तरिक रुपमा छलफल गर्नुपर्ने बताए । सबै एकजुट भएमात्रै सबैक्षेत्रमा सफलता प्राप्त गर्न सकिने उनको भनाइ थियो ।

नेपाली कांग्रेस कैलाश गाउँपालिका सभापति राजेन्द्र घिसिङको अध्यक्षतामा भएको कार्यक्रममा पार्टी बागमती प्रदेशसभापति बानियाँको प्रमुख आतिथ्यता रहेको थियो । नेपाली कांग्रेस क्षेत्र नम्बर २ (ख) का सभापति रञ्जन कालाखेती, पार्टी जिल्ला सदस्य उदास झ्लोन, कैलाश गाउँपालिका उपसभापति मानबहादुर वाइबालगायतले मन्तव्य व्यक्त गरेका थिए । कैलाश गाउँपालिका भित्रका क्रियाशील सदस्य, पार्टीका विभिन्न तहका पदाधिकारी, पार्टीबाट निर्वाचित जनप्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।

# थाहानगरको १७ औं नगरसभा

साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/थाहा नगरपालिकाले आफ्नो १७ औं नगर सभा सम्पन्न गरेको छ । नगर सभामा अधिवेशनको सभापतित्व नगरप्रमुख बिष्णु विष्टले गरेका छन् ।

चालू आर्थिक वर्षमा भएको वित्तीय तथा भौतिक प्रगतिका सम्बन्धमा जानकारी दिनुको साथै गत असोज ११ र १२ गतेको बाढीपहिरोले निम्त्याएको बिपदले थाहानगरभित्र ठूलो नोक्सानी भएको कारण बिपदपश्चातको प्रतिकार्यको लागि वडामा बिनियोजित बजेट कटौती लगायत बिबिध कारणले बजेट शीर्षक र रकम संशोधन गर्नको निम्ति हिउँदे अधिवेशन गरेको हो ।

नगरसभामा अध्यक्ष नगरप्रमुख बिष्टले आर्थिक बर्ष २०८१/८२ को समीक्षा वक्तव्य प्रस्तुत गर्दै आर्थिक वर्ष २०८१/८२ को कुल विनियोजित बजेट ९६ करोड ६५ लाखमध्ये पुस २३ गतेसम्म चालूतर्फ ३३.४ प्रतिशत र पुँजिगततर्फ ११.२४ प्रतिशत वित्तीय प्रगति भएको विवरण प्रस्तुत गर्दै वार्षिक लक्ष्यको ३०.५३ प्रतिशत राजस्व संकलन भएको विवरण प्रस्तुत गरे ।

नगरसभाबाट नगर पालिकाको अहिलेसम्म आर्थिक विकासतर्फ १९.६९ प्रतिशत वित्तीय प्रगति भएको सामाजिक विकासतर्फ ३३.०६ प्रतिशत, पूर्वाधार विकास तर्फ १०.५८ प्रतिशत वन वातावरण तथा विपद व्यवस्थापनतर्फ ८.०७ प्रतिशत र शुशासन तथा संस्थागत विकासतर्फ २९ प्रतिशत प्रगति भएको प्रतिवेदन प्रस्तुत गरियो ।

नगरसभामा उप-प्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, कार्यपालिका सदस्यहरु, विभिन्न उपसमितिका संयोजक, नगरसभा सदस्य, नगरका शाखाप्रमुख, कर्मचारीको उपस्थिति रहेको थियो । नगरसभाले रुपचन्द्र बिष्टको जनमुखीगानलाई नगर पालिकाभित्रका सबै विद्यालय र विशेष कार्यक्रममा बजाउने नगर सभासदस्य तथा नगर प्रवक्ता हिरेन्द्र कुमार रायमाझीले राखेको प्रस्ताव पनि पास गरेको छ ।

# राक्सिराङ-७ चेपाङ सांस्कृतिक तथा पर्यटनक्षेत्र घोषित



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/सीमान्तकृत चेपाङ जातिको बाहुल्यता रहेको मकवानपुरको राक्सिराङ गाउँपालिकाले चेपाङ सांस्कृतिक तथा पर्यटनक्षेत्र घोषणा गरेको छ ।

गाउँपालिकाको बिहीबार भएको गाउँसभाले अधिकांश चेपाङ समुदायको मात्र बसोबास रहेको राक्सिराङ-७ वडालाई चेपाङ सांस्कृतिक तथा पर्यटन वडा घोषणा गरेको हो । गाउँसभाको बैठकमा कार्यपालिका सदस्य हबिल प्रजाले चेपाङ सांस्कृतिक तथा पर्यटनक्षेत्र घोषणासम्बन्धी प्रस्तावमा कार्यपालिका सदस्य रामबहादुर प्रजाले समर्थन जनाएका थिए । गाउँपालिका अध्यक्ष राजकुमार मल्लले यो प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गरेकोमा सर्वसम्मतले पारित गरेको हो ।

सीमान्कृत चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सास्कृतिक संरक्षण गर्ने तथा चेपाङको थातथलोको संरक्षण गरी पर्यापर्यटन प्रबर्द्धन र बिस्तार गर्ने उद्देश्यकासाथ चेपाङ सांस्कृतिक तथा पर्यटनक्षेत्र घोषणा गरिएको गाउँपालिका अध्यक्ष मल्लले जानकारी दिए । विपन्न चेपाङ समुदायको जीविकोपार्जन कार्यक्रमअन्तर्गत संरक्षितक्षेत्रमा 'एकटोल एक उत्पादन' कार्यक्रम ल्याइने अध्यक्ष मल्लले बताए । साथै संरक्षितक्षेत्रमा कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले छुट्टै वार्षिक ५० लाख रुपैयाँ बजेट छुट्याउने उनले बताए ।

राक्सिराङ ७ नम्बर वडामा धिराङ, दामराङ जस्ता विकट बस्तीहरु छन् । यो वडामा पुग्नका लागि चितवन जिल्लाको भण्डारा हुँदै जानुपर्ने बाध्यता छ । भर्खरै मात्र गाउँमा मोटरबाटो पुगेता पनि अझै व्यवस्थित हुन सकेको छैन । विपन्न चेपाङ जातिको उत्थानका लागि विभिन्न तहका सरकारले कार्यक्रम घोषणा गरेपनि त्यो प्रभावकारी नभएकाले स्थानीय तह आफैँ जागरुक भएर विशेषक्षेत्र घोषणा गरिएको अध्यक्ष मल्लको भनाइ छ ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारअनुसार नै आफूहरु अघि बढेको उनको भनाइ छ । संविधानको अनसूची (८) र अनुसूची (९) बमोजिमको सूचीमा भाषा संस्कृति र ललितकलाको संरक्षरण र विकास गर्ने कानुन स्थानीय तहले बनाउन सक्ने अधिकार दिएको छ भने स्थानीय सरकार सञ्चालन ऐनमा पनि गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई संरक्षितक्षेत्र घोषणा गर्न सक्ने उल्लेख रहेको छ ।

संविधानको मौलिक हकअन्तर्गत प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषाको प्रयोग सांस्कृतिक जीवनमा सहभागिता हुने एवम् भाषा, लिपि सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र समाधान गर्ने हक हुनेछ भनी उल्लेख गरेको छ । राक्सिराङको गाउँसभाको हिउँदे अधिवेशनबाट अर्धवार्षिक समीक्षा पारित गरिनुका साथै न्यायिक समितिको वार्षिक प्रतिवेदन पारित र मेलमिलापकर्ताको नामावली अनुमोदन गरिएको छ ।

बजेट तथा कार्यक्रम र विनियोजन ऐनसमेत संशोधन गरिएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन नतिजा माथि छलफल गर्ने प्रस्ताव पारित गरिनुका साथै गाउँपालिकाको खानेपानी तथा सर सफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गरी पारित गरिएको छ ।

# रुदानेको ९१ औं जन्मजयन्ती मनाइयो



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/थाहा आन्दोलनका प्रणेता दिवंगत रुपचन्द्र बिष्ट 'रुदाने' को ९१ औं जन्मजयन्ती तथा थाहा दिवस बिविध कार्यक्रम गरी मनाइएको छ ।

रुपचन्द्र बिष्टको जन्मभूमि थाहा नगरपालिकामा रुदानेको सम्झनामा थाहा दिवस मानाइयो । थाहा नगरपालिका-३ को आयोजना तथा फरक सोचको समन्वयमा शिखरकोटमा रहेको विकासघरको प्राङ्गणमा कार्यक्रमको आयोजना गरिएको हो ।

वडा न ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझीको अध्यक्षता तथा नगरप्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यता र नगरउपप्रमुख भरत गोपालीको विशिष्ट आतिथ्यता रहेको कार्यक्रममा रुपचन्द्र बिष्टसँगै सहकर्मी भएर हिडेका जनमुखी सहकर्मीलाई सम्मान तथा रुदानेको शालिकमा माल्यार्पण गर्दै जन्मजयन्ती मनाइएको हो ।

कार्यक्रममा वक्ताहरुले थाहा आन्दोलनको मर्म र रुदानेको स्वाभावबारे चर्चा गर्दै रुदानेको पथमा हिड्न र श्रम र जनतालाई प्रधानता दिई जनमुखी राजनीति गरेमात्र रुदानेप्रति सच्चा श्रद्धाञ्जली हुने बताए । कार्यक्रममा नगरप्रमुख बिष्ट, उपप्रमुख गोपाली, रुपचन्द्र बिष्ट स्मारक समितिका संयोजक बिमलकुमार बिष्ट, जनमुखी सहकर्मी ज्योति रायमाझी, प्रेमकुमार केसी, माओवादी थाहानगर अध्यक्ष बिनोदकुमार लामालगायतले रुदाने र थाहा दर्शनको बारेमा धारणा राखेका थिए ।

बिगत वर्षदेखि फरक सोचले प्रदान गर्दै आइरहेको थाहा पत्रकारिता पुरस्कार थाहा नगरका पत्रकार ममता थापालाई प्रदान गरियो । अन्नपूर्ण पोष्टमा वरिष्ठ संवाददाताको रुपमा कार्यरत पत्रकार थापालाई यो पुरस्कार प्रदान गरिएको हो । १० हजार नगद सहित सम्मानपत्रद्वारा नगरप्रमुख बिष्ट र उपप्रमुख गोपालीले प्रदान गरे । फरक सोचका अध्यक्ष यादवजङ्ग रायमाझीले स्वागत गरेको कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, जनमुखी सहकर्मी तथा स्थानीयको उपस्थिति रहेको थियो ।

# राक्सिराङका ४९ वर्षीय मोक्तान पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध लागूऔषध गाँजा ८ किलोग्रामसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-१ बस्ने वर्ष ४९ को र मलाल मोक्तान छन् ।

मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले प्रहरीचौकी बसामाडी मकवानपुरबाट खटिएको प्रहरी टोलीले पूर्व-पश्चिम राजमार्ग सडकखण्ड अन्तरगत मकवानपुरको हेटौंडा उपमहानगर पालिका-३ तीनताप्केस्थित सडकबाट उनलाई पक्राउ गरेको जानकारी दिए ।

डिएसपी अर्यालका अनुसार सवारीसाधन रोकी जाँच गर्ने क्रममा मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र. ०३-००१ ख २५७२ नं. को यात्रुबाहक बसमा सवारभई आएका उनको साथबाट यो परिमाणको गाँजा बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका मोक्तानलाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट ७ दिनको म्यादथप अनुमति लिई अनुसन्धान कार्य अगाडि बढाएको प्रहरी नायवउपरीक्षक अर्यालले बताए ।

# सूर्योदय माविमा छात्रावास भवनको शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/मकवानपुरको विकटक्षेत्र राक्सिराङ गाउँपालिकाको सरिखेतस्थित सूर्योदय माध्यमिक विद्यालयको छात्रावास भवनको शिलान्यास गरिएको छ ।

नेकपा (एमाले)का प्रमुखसचेतक मकवानपुर क्षेत्र नम्बर २ का सांसद् महेशकुमार बर्तौलाले शुक्रबार यहाँ छात्रावास निर्माणका लागि भूमिपूजा गर्दै शिलान्यास गरेका हुन् । प्रमुखसचेतक बर्तौलाले विद्यालयको छात्रावास शिलान्यास गर्दै २ घण्टाभन्दा लामो समय हिँडेर विद्यालय आउनुपर्ने बाध्यता न्यूनीकरण हुने विश्वास व्यक्त गरे । 'मैले निर्वाचनको बेला सार्वजनिक शिक्षालाई सुधार गर्नको लागि एक पालिका, एक आवासीय विद्यालय आवश्यक छ भनेको थिएँ । चालु वर्षमा राक्सिराङको सूर्योदय माध्यमिक विद्यालय र थाहानगरको झम्केश्वरी माध्यमिक विद्यालयबाट छात्रावास निर्माण सुरु भएको छ' उनले भने ।

सहरी विकास मन्त्रालय मार्फत् बजेट व्यवस्था गरिएको विद्यालयको छात्रवास निर्माणका लागि सघन सहरी तथा भवन निर्माण आयोजना चितवनबाट ठेक्का आह्वान भएको थियो । १ करोड रुपैयाँ बजेट व्यवस्था गरिएको यो विद्यालयको छात्रवासका लागि सद्गुण निर्माण सेवा हेटौंडाले ६४ लाख ९२ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको छ । आगामी २०८२ जेठ २६ गतेसम्म निर्माण सम्पन्न गर्नेगरी छात्रवासको निर्माण थालिएको हो ।

# प्रदेशस्तरीय महिलाउद्यमी सम्मेलन सकियो




साझाकुरा संवाददाता

हेटौंडा, २६ पुस/बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा आयोजना गरिएको दुईदिने बागमती प्रदेशस्तरीय महिलाउद्यमी सम्मेलनको समापन भएको छ ।

महिलाको लगानी घर-घरमा उद्यमी भन्ने नाराकासाथ बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेशस्तरीय महिलाउद्यमी सम्मेलन आयोजना गरिएको थियो । महिलाउद्यमीले उत्पादन गरेका सामग्री प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यले आयोजित सम्मेलनमा बागमती प्रदेशको १३ वटै जिल्लाका महिलाले स्थानीय श्रोतसाधनको प्रयोगबाट उत्पादन गरेका हस्तकलामा सामग्री, मकैको खोस्टाको सजावटका सामग्री, अल्लोको कपडा, अचार, क्रिष्टल काठ तथा बाँसका सामग्रीहरु बिक्री तथा प्रदर्शनीका लागि राखिएको थियो । निर्देशनालयको १० लाख रुपैयाँ आर्थिक सहयोगमा सम्मेलन भएको हो ।

# भीमफेदीमा भीरबाट लडेर दुईजना घाइते

हेटौंडा, २६ पुस/मकवानपुरको भीमफेदीमा भीरबाट लडेर दुईजना घाइते भएका छन् । बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाका अनुसार भीमफेदी गाउँपालिका-९ स्थित सालबिसाउनेका सुनिल गोले र प्रशान्त गोले घाइते भएका हुन् ।

बिहीवार १३ वर्षीय सुनिल घरदेखि ६-७ किलोमिटर पश्चिमतर्फ रहेको देउराली सामुदायिक वनको एकपाखे भीरमा घाँस काट्न गएका थिए । सुनिल लडेपछि निजलाई बचाउने क्रममा सँगै गएको साथी १८ वर्षीय प्रशान्तसमेत लड्दा घाइते भएको बुझिएको छ ।

घाइते दुबैजनाको हेटौंडा अस्पतालमा सामान्य उपचारपश्चात थप उपचारका लागि चितवन पुरानो मेडिकल कलेज भरतपुरमा लगिएको छ । घाइते सुनिल गोलेको टाउको, अनुहार र कम्मर, खुट्टामा भित्री चोट तथा प्रशान्तको बायाँ हातखुट्टा, कम्मर, छातीमा भित्रि चोट लागेको प्रहरीले जनाएको छ ।

## १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रमः**

मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरुः**

१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्चः** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना